# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४६ पौष २०५९ वर्ष १९ अङ्क ९

## धम्मवाणी

*तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागता ।*
*पटिपन्न पमोक्खन्ति, झायिनो मारबन्धना ॥*

**सबै तथागत बुद्ध केवल मार्ग देखाउनु हुन्छ, विधि सिकाउनु हुन्छ, अभ्यास र प्रयत्न त तिमी आफै गर्नु पर्छ । जो स्वयं मार्गमा अघि बढ्छ ध्यानमा प्रयत्नरत रहन्छ, ऊ मृत्युको बन्धनबाट मुक्त हुन्छ ।**

### तथागत सुगत हुनुहुन्छ ।

भगवान तथागत सुगत हुनुहुन्छ । सुगत कसलाई भन्ने ? **सोभना गति अस्सातिं सुगतो** - जसको कायिक, वाचिक र मानिसिक सबै कर्मगतिहरू शुद्ध छन्, शोभन छन्, सुन्दर छन्, निर्दोष छन्, निष्कलंक छन्, दर्शनीय छन्, श्रवणीय छन्, ग्रहणगर्न योग्य छन्, त्यस्तो व्यक्ति नै सुगत कहलाउँछ । भगवानको सम्पूर्ण कर्म यस्तै थियो त्यसैले उहाँलाई सुगत भनियो ।

### कायिक कर्म

भगवानको प्रत्येक कायिक कर्म सर्वथा निर्दोष थियो, निष्कलंक थियो, आदर्श थियो । उहाँ आरम्भिक, माध्यमिक र महाशीललाई पूर्णतया पालन गरेर कायिक कर्म गर्नु हुन्थ्यो । यस्को उल्लेख ब्रह्मजाल सुत्रमा विस्तृत रुपमा पाइन्छ ।

१. उहाँ प्राणी हत्याबाट सर्वथा बच्नु हुन्थ्यो । अरुलाई दण्ड दिने काम र शस्त्रलाई त्यागेर सधैं करुणाले पूर्ण भई सबै प्राणीको हित चाहनु हुन्थ्यो । भोजनको लागि सजीव बीजको पनि नाश गर्नु हुन्नथियो । जस्तो मूल बीज, स्कन्ध-बीज, फल-बीज, अग्र-बीज र बीज-बीज ।
२. मैथुन कर्मबाट अलग रहेर अखण्ड ब्रह्मचर्यको पालन गर्नु हुन्थ्यो ।
३. विकाल भोजन गर्नुबाट सधैं अलग रहनु हुन्थ्यो ।
४. अग्लो तथा आरामदायी बिछ्याउनामा रहनु हुन्न थियो ।
५. नशालु पदार्थको सेवन गर्नु तथा जुवा-तास आदि खेल्नुबाट सधैं अलग रहनु हुन्थ्यो ।
६. त्यस समयका श्रमण तथा ब्राह्मण संकलन गर्नुमा ब्यस्त हुन्थे । उनीहरू काँचो अन्न तथा मासु आदि ग्रहण गर्थे । स्त्री, कुमारी, दास-दासी, भेंडा-बोका, कुखुरा, सुँगुर, हात्ती, गाई, घोडा, खच्चर, खेतबारी र अन्य सामानहरू पनि ग्रहण गर्दथे । उनीहरू अन्न तथा पिउने पदार्थ र वस्त्र, वादन, शय्या, गन्ध र त्यस्तै सामानहरू एकत्र गर्दथे । भगवान यसप्रकार संकलन गर्ने संचय गर्ने, कार्यबाट मुक्त हुनुहुन्थ्यो ।
७. त्यस समयका श्रमण तथा ब्राह्मणहरू नृत्य, गीत, वाजा आदिमा ताल दिने ताली बजाउने र घैंटोमा तबला बजाउने आदि कार्यमा रुचि राख्थे । उनीहरू फलामको गुच्चा, बाँस हान्ने खेल, हात्ती, घोडा, राँगा, बोका, भेंडा, कुखुरा आदि जुडाएर खेल खेल्दथे । त्यस्तै लट्ठी जुडाउने, कुश्ती खेल्ने, मारपीट गर्ने, सेना लडाईं गराउने खेलमा मग्न हुन्थे । भगवान यी सबै खेलबाट अलग रहनु हुन्थ्यो ।
८. त्यस सयमका श्रमण, ब्राह्मण सजी सजावट हुनमा समय विताउँथे । जस्तो शरीरमा मालिश गराउने, अरुले नुहाईदिने, शरीर डवाउने, ऐना हेर्ने, गाजल लगाउने, माला लगाउने, शरीरमा रंग लेप्ने, मुख-चुर्ण (पाउदर) लगाउने, मुख लेपन (क्रीम) लगाउने , आभूषण आदिको प्रयोग गर्दथे । त्यस्तै सजावटको लागि पाखुरामा बाँध्ने, हातमा लट्ठी, तलवार तथा छाता बोक्ने, सुन्दर जुत्ता, टोपी, मणि लगाउने, लामो झल्लर भएको सेतो लुगा लगाउने । यस्ता कार्यबाट भगवान अलग रहनुहुन्थ्यो ।
९. त्यस समयका श्रमण, ब्राह्मण आफ्नो आम्दानी गर्नको लागि विभिन्न प्रकारका आजीविका अपनाउँथे । जस्तो अंग विद्या, उत्पाद विद्या, स्वप्न विद्या आदिको प्रयोग गर्दथे । त्यस्तै अग्निहोम, दर्वीहोम, कण्होम, तण्डुहोम, धृतहोम, तैलहोम रुधिर होम आदि गर्ने र गराउने काम गर्दथे । वास्तु विद्या, क्षेत्र विद्या, भूत प्रेत विद्या, सर्प-विन्दुको विद्या, झाड-फूक विद्या, पक्षी-विद्या अथवा शर-परित्राण र मृगचक्र जस्तो विद्याको प्रयोग गरेर आफ्नो आजीविका चलाउँथे । भगवान यस प्रकारका हीन विद्याहरूबाट अलग रहनुहुन्थ्यो ।
१०. त्यस्तै त्यस समयका श्रमण, ब्राह्मण मणिको लक्षण तथा यस्तै प्रकार ले लवाई, दण्डा, तलवार, धनुष, बाण, हतियार, स्त्री, पुरुष कुमार, कुमारी, दास, दासी, हात्ती, घोडा, भैंसी, गोरु, गाई, बाख्रा, भेंडा, कुखुरा, कछुवा तथा मृग आदिको लक्षण बताई आफ्नो आजीविका जिउँथे । भगवान यस्तो हीन आजीविका बाट सधैं विरत रहनुहुन्थ्यो ।
११. त्यस समयका श्रमण, ब्राम्हण धनी व्यक्तिहरू तथा राजपुरुषहरूको दूतकको काम गर्दथे । भगवान यस्तो कार्यबाट सधैं विरत रहनुहुन्थ्यो ।
१२. त्यस बेलाका श्रमण, ब्राह्मण ज्योतिष तथा अन्य प्रकारले भविष्यवाणी गरेर जीविका चलाउँथे । जस्तो युद्धमा हार हुन्छ कि जीत हुन्छ, चन्द्र ग्रहण, सूर्य-ग्रहण, नक्षत्र-ग्रहण, उल्कापात दिशा दाह, भूकम्प आदिको फल के हुन्छ भन्ने भविष्यवाणी गर्दथे । त्यस्तै अकाल, सुकाल, सस्तो-महँगो, कुशल-अकुशल, रोग-निरोग हुनेको भविष्यवाणी गर्दथे । हातका रेखा हेरेर पनि आफ्नो जीविका चलाउँथे । भगवान यस प्रकारका हीन विद्याहरूबाट सधैं विरत हुनुहुन्थ्यो ।
१३. त्यस समयका श्रमण, ब्राह्मणहरू गृहस्थहरूको अनेक प्रकारको सेवा गरेर जीवन यापन गर्दथे । जस्तो विवाह गराउने, तलाक दिलाउने, उधार लिने वा ऋण दिनेको उचित साईत बताएर जीविका चलाउँथे । मन्त्र गरेर गर्भ गराउने, कसैको अनिष्ट तार्ने, ऐनामा देवता बोलाएर प्रश्न सोध्न लगाउने, कुमारी तथा अन्य देव-वाहिनीको शरीरमा देवता बोलाएर प्रश्न गर्ने, कोही पुंषक लाई नपुसंक र नपुषंकलाई पूंषक बनाउने, पूजा आदिको भाकल गरेर पनि जीवन यापन गर्दथे । भगवान यस्ता हीन आजीविकाहरूबाट सधैं अलग रहनुहुन्थ्यो ।
१४. त्यस समयका श्रमण-ब्राह्मण औषधी उपचार गरेर पनि जीविका चलाउँथे । जस्तो उल्टी हुने, टाउको दुख्ने, नाक कानमा तेल हाल्ने हाछ्युँ गराउने, गाजल बनाउने, चिडफाड गर्ने तथा अन्य प्रकारको बैद्य काम गरेर जीविका चलाउँथे । भगवान यी सबै कामबाट अलग रहनुहुन्यो ।



Downloaded from http://www.dhamma.digital

## वाचिक कर्म

त्यस्तै वचनबाट हुने कर्म, वाचिक कर्मबाट पनि भगवान संधैं अलग रहनुहुन्थ्यो।

१. भगवान संधैं झूठो बोल्नुबाट अलग रहेर सत्य बोल्नु हुन्थ्यो ।

२. भगवान संधैं चुगली गर्नु, यताको कुरा उता गर्नु, उताको कुरा यता गर्नु, मिलेकोलाई फुटाउने, आदि काम गर्नु हुन्न थियो। बरु नमिलेका व्यक्तिहरूलाई मिलाउने, मिलेका व्यक्तिहरूलाई अझ दृढ बनाउन उचित वाणी बोल्नु हुन्थ्यो। उहाँ संधैं एकताको प्रिय, एकतामा प्रसन्न हुने र एकता स्थापित गर्न प्रयत्नरत हुनुहुन्थ्यो ।

३. उहाँ कटु, कठोर वाणी बोल्नुबाट अलग रहेर संधैं निर्दोष मधुर, प्रेमिल, मान्य, प्रिय र शिष्ट वाणी बोल्नु हुन्थ्यो ।

४. उहाँ निरर्थक, व्यर्थको कुरा गर्नबाट अलग रहनु हुन्थ्यो। सँधैं समयोचित, यथार्थ, आवश्यक, सारयुक्त धर्म र विनयको कुरा गर्नु हुन्थ्यो ।

५. उहाँ राजा अथवा चोर, मन्त्री, सेना, युद्ध, अन्न-पान, वस्त्र लुगा, शय्या, माला, गन्ध, जाति, रथ, ग्राम, निगम, नगर, जनपद, स्त्री, पुरुष, चौपाल, भूत-प्रेत आदिका कथा र विभिन्न प्रकारका घटनाहरूको लोककथाको नचाहिंदो चर्चा सुन्नबाट अलग रहनु हुन्थ्यो ।

६. उहाँ पारस्परिक वाद-विवाद तथा लडाईं-झगडाबाट संधैं टाढा हुनुहुन्थ्यो।

भगवान चार प्रकारका उत्तम वाणी बोल्नको लागि उपदेश दिनुहुन्थ्यो, जुन उपदेश दिनुहुन्थ्यो आफू त्यसको पालन गर्नु हुन्थ्यो ।

**सुभासितं उत्तममाहु सन्तो, धम्मं भणे नाधम्मं तं दुतियं ।**
**पियं भणे नाप्पियं तं ततियं, सच्चं भणे नालिकं तं चतुत्थं ॥**

(सु.नि. ४५२. सुभासितसुत्त)

- सन्तहरूले सुभाषित वाणीलाई उत्तम वाणी भनिएको छ। धार्मिक वचन बोल अधार्मिक होइन, यो दोस्रो उत्तम वाणी हो, प्रिय वचन बोल अप्रिय होइन यो तेस्रो उत्तम वाणी हो । सत्य बचन बोल असत्य होइन यो चौथौं उत्तम वाणी हो । भगवानले अगाडि भन्नु भयो-

सुभाषित वचन त्यही हो जसबाट न आफू संतापित हुन्छ न अरु पीडित हुन्छ। आनंद दिने प्रिय वचन बोल्नु पर्छ। पापको कुरा नगरी सदैव अरुलाई मनपर्ने प्रिय कुरा गर्नु पर्छ। फेरि अगाडि भन्नुभयो ।

**सच्चं वे अमता वाचा, एस धम्मो सनन्तनो ।**

- सत्य नै अमृत वचन हो, यही सनातन धर्म हो ।

**सच्चे अत्थे च धम्मे च, आहु सन्तो पतिट्ठिता ॥**

- सत्य, अर्थ र धर्ममा प्रतिष्ठित सन्तहरूले यही भनेकाछन् ।

**यं बुद्धो भासति वाचं, खेमं निब्बानपत्तिया ।**
**दुक्खस्सन्तकिरियाय, सा वे वाचानमुत्तमाति ॥**

(सु.नि. ४५५-४५६, सुभासितसुत्त)

- योग क्षेम परिपूर्ण निर्वाण प्राप्तिको लागि र दुःख अन्त गर्नको लागि बुद्धले जुन कल्याण वाणी बोल्नुहुन्छ, त्यही उत्तम वाणी हो ।

बुद्ध सधैं कल्याण वाणी नै बोल्नु हुन्छ र यही मानिसहरूलाई सिकाउनु हुन्छ। शुद्ध वाणी कल्याणकारी र सुभाषित हुन्छ ।

**पञ्चहि, भिक्खवे, अङ्गेहि समन्तगता वाचा सुभासिता होति ।**

- पाँच अंगले परिपूर्ण भएमा नै वाणी सुभाषित हुन्छ ।

१. **कालेन च भासिता होति**- समयानुकूल बोलेको हुनुपर्छ ।

२. **सच्चा च भासिता होति** - सत्य बोलेको हुनुपर्छ ।

३. **सण्हा च भासिता होति** - स्नेहपूर्वक बोलेको हुनुपर्छ ।

४. **अत्थसंहिता च भासिता होति**- सार्थक, हितहुने बोली बोलेको हुनुपर्छ ।

५. **मेत्तचित्तेन च भासिता होति**- मैत्री चित्तले बोलेको हुनुपर्छ ।

(अ.नि. २.५.१९८, वाचासुत्त)

भगवान स्वयं यस्तै वाणी बोल्नु हुन्छ, शुद्ध वाणी बोल्नु हुन्छ, सुभाषित वाणी बोल्नु हुन्छ । त्यसैले भगवानलाई यस्तो भनिन्छ- **समणो गोतमो कालवादी, भूतवादी, अत्थवादी, धम्मवादी, विनयवादी, निधानवतिं वाचं भासिता ।**

(ही.नि. १.९, ब्रह्मजालसुत्त)

- श्रमण गौतम समयअनुसार बोल्नुहुन्छ, यथाभूत बोल्नुहुन्छ, सार्थक बोल्नु हुन्छ, धर्मको कुरा गर्नु हुन्छ, विनयको कुरा गर्नु हुन्छ, सारयुक्त कुरा गर्नु हुन्छ ।

भगवान धर्मवादी हुनुहुन्थ्यो, अतः विवादमा पर्न चाहनुहुन्न, उहाँले भन्नु भयो-

**नाहं, भिक्खवे, लोकेन विवदाभि**- भिक्षुहरू म मानिसहरू संग विवाद गर्दिन ।

**लोकोव भया विवदति**- मानिसहरू नै म संग विवाद गर्छन् ।

**न, भिक्खवे, धम्मवादी केनचि लोकस्मिं विवदति ।**

(सं.नि. २.३.९४, पुष्फसुत्त)

- भिक्षुहरू, धर्मवादी व्यक्ति संसारमा कसैसंग विवाद गर्दैन ।

## प्रश्नोत्तर

भगवान चार प्रकारले प्रश्नको उत्तर दिनु हुन्थ्यो। कुनै प्रश्नको एकै पटक उत्तर दिनु हुन्थ्यो । कुनै प्रश्नको विभाजन गरि गरि उत्तर दिनु हुन्थ्यो। कुनै प्रतिप्रश्न गरेर उत्तर दिनुहुन्थ्यो र कुनै प्रश्नको उत्तर नै दिनु हुन्न थियो । कुनै कुनै प्रश्नको उत्तर नदिनुमानै समझदारी थियो ।

**अथो अत्थे अनत्थे च, अभयस्स होति कोविदो ।**
**अनत्थं परिवज्जेति, अत्थं गण्हाति पण्डितो ॥**

(अ.नि. १.४.४२. पञ्हव्याकरणसुत्त)

- अर्थ र अनर्थ दुवै विषयको वारेमा जानकार हुनुहुन्छ। जो समझदार छ उसले अनर्थलाई छोडेर अर्थ ग्रहण गर्दछ ।

जुन प्रश्न सार्थक छ, जसको उत्तर दिएमा लोक कल्याण हुन्छ, त्यस्तो प्रश्नको उत्तर दिनु ठीक हो। तर जुन निरर्थक छ, त्यस्तो त्याग्नु नै उचित हुन्छ। त्यस समय केही यस्ता दार्शनिक प्रश्नहरू थिए जुन एक चर्चाको विषय थियो तर निरर्थक थियो, अप्रासंगिक थियो । तर दार्शनिकहरूको बुद्धि विलासको लागि प्रिय विषय थियो जस्तो जीवनमुक्त व्यक्तिको मृत्यु पछि के हुन्छ ? यो संसार ससीम छ कि असीम छ ? आदि आदि । यस्तो प्रश्न निरर्थक नै थियो ।

**न निब्बिदाय, न विरागाय, न निरोधाय, न उपसमाय,**
**न अभिञ्ञाय, न सम्बोधाय, न निब्बानाय संवत्तति ।**

- यो जुन निर्वेदको लागि हो, न वीतरागता को लागि हो, न निरोध, न उपशमन, न अभिज्ञान, न सम्बोधि, न निर्वाणको लागि हो ।

**तस्मा तं मया आब्याकतं ।** (म.नि. २.१२८, चूलमालुक्यसुत्त)

- त्यसैले यसलाई अब्याकृत अर्थात प्रश्न दिन अयोग्य थाने ।

जस्तो कोही ब्यक्तिलाई विष युक्त वाण लागेको छ र चिर फार गरी निकाल्न वैध आएको छ, तर त्यस वैद्यले उपचार गर्नु पहिला त्यो वाण हान्ने ब्यक्ति कुन जातको हो ? ब्राह्मण हो कि क्षत्रिय हो अथवा वैश्य हो या शूद्र को हो भनेर सोद्धैछ भने यस्तो ब्यक्ति त्यसको उत्तर नपाईकन नै मर्नेछ । (म.नि. २।१२६, चूलमालुक्यसुत्त)



Downloaded from http://www.dhamma.digital

कोही समझदार वैद्यले रोगीलाई बताउन यति मात्र आवश्यक छ कि रोग के हो ? रोगको मूल कारण के हो ? त्यसको निवारणको उपाय के हो ? रोगीको लागि यति मात्रै जान्नु जरुरी छ, बाँकी सबै निरर्थक छ । यही प्रासंगिक छ, बाँकी सबै अप्रासंगिक ।

सुगत संधैं आफ्नो वाणीको सदुपयोग गर्नु हुन्थ्यो । उहाँ अर्थवादी हुनुहुन्थ्यो । उहाँको वाणी सँधैं सार्थक हुन्थ्यो । त्यसैले उहाँले भन्नुभयो कि कसैले मलाई दु:ख आर्य-सत्यको बारेमा सोधे, त्यसको कारणको बारेमा सोधेमा, त्यसको निवारणको वारेमा र निवारणको आर्य अष्टांगिक मार्गको बारेमा सोधे भने म त्यसको उत्तर दिन्छु। (म.नि. २.३४६, महासकुलुदायिसुत्त)

किनकी यस्को उत्तरमा लोक कल्याण हुनसक्छ । यो प्रश्न निर्वेदको लागि, वीतरागता, निरोध, उपशमन, सम्बोधि र निर्वाणको लागि हो ।

(म.नि. २.१२८, चूलकालुक्यसुत्त)

उहाँ जे बोल्नु हुन्थ्यो सार्थक बोल्नु हुन्थ्यो, लोकहितकारी वचन बोल्नु हुन्थ्यो ।

**सहस्समपि चे गाथा, अनत्थपदसंहिता ।**

**एकं गाथापदं सेय्यो, यं सुत्वा उपसम्मति ॥**

(ध.प.. १०१, सहस्सवग्ग)

- हजार निरर्थक पदको तुलनामा एउटा सुभाषित गाथापद श्रेष्ठ छ, जसलाई सुनेर सुन्ने ब्यक्ति शान्त हुन्छ ।

यही धर्म हो। सुगत धर्मवादी हुनुहुन्थ्यो, अत: सँधैं धर्मवाणी नै बोल्नु हुन्थ्यो । धर्मवाणी भनेको आफ्नो अनुभवको सत्यमा आधारित वाणी हो, कल्पना वा कुनै साम्प्रदायिक मान्यतामा आधारित होइन । सँधैं यथाभूत, सत्यवाणी बोल्नु हुन्थ्यो । त्यसैले राज कथा, चोर कथा जस्तो निरर्थक कुरामा नअल्झिएर अर्थकथा, सत्य-कथा र धर्म कथा नै भन्नु हुन्थ्यो जस्तो- उल्पेच्छ कथा, सन्तुष्टि कथा, प्रविवेक कथा, असंसर्गकथा, पुरुषार्थ पराक्रम कथा, शील कथा, समाधि कथा, प्रज्ञा कथा, विमुक्ति कथा, विमुक्ति-ज्ञान-दर्शन कथा ।

(म.नि. ३.१८१ महासुञ्ञतसुत्त)

भगवान सार्थक सत्य, धर्म कथा भन्नुहुन्थ्यो अन्यथा मौन रहनु हुन्थ्यो । उहाँ आफ्ना शिष्यहरूलाई पनि त्यही गराउनु हुन्थ्यो । आफू पनि त्यही गर्नु हुन्थ्यो । जे भन्नु हुन्थ्यो त्यही गर्नु हुन्थ्यो, जे गर्नु हुन्थ्यो त्यही भन्नु हुन्थ्यो । तब नै सुगतको वाणी सुभाषित हुन्थ्यो, सफल हुन्थ्यो ।

**यथापि रुचिरं पुप्फं , वण्णवन्तं सुगन्धकं ।**

**एवं सुभासिता वाचा, सफला होति कुब्बतो ॥**

(ध.प. ५२. पुप्फवग्ग)

- जस्तो सुन्दर फुल सुगन्धित हुन्छ, त्यस्तै प्रकारले जे भनेको थियो त्यही अनुसार आचरण गऱ्यो भने वाणी सुभाषित हुन्छ, सफल हुन्छ ।

सुगतको केवल वाणी मात्र होइन उनको प्रत्येक क्रिया सार्थक हुन्थ्यो बिना अर्थ उहाँ मुस्कुराउनु हुन्न थियो । कहिले काँही मुस्कुरायो भने पनि आनन्दको मनमा कौतूहल हुन्थ्यो र त्यसको कारण सोध्यो भने सुगत पुरानो घटनाको उल्लेख गरेर धर्म प्रकाशित गर्नु हुन्थ्यो । मनुष्यको जीवन यति छोटो छ, एक क्षण पनि किन नष्ट गर्ने ? जो जीवनमुक्त हुन्छ उसले एक-एक क्षणको सदुपयोग गर्दछ । कोही उहाँलाई भेट्न आए भने, स्वागत-पूर्ण वाणीले भन्नुहुन्थ्यो-

**अगमा खो त्वं, महाराज, यथापेमं-**

- आउनुहोस्, महाराज, प्रेमपूर्वक आउनुहोस् ।

(दी. नि. १.१६१, सामञ्ञफलसुत्त)

यी शब्दहरूले महाराज अजातशत्रुलाई स्वागत गरेका थिए जसले देवदत्तको सहयोगमा भगवानको हत्या गर्ने प्रयत्न गरेका थिए । परन्तु भगवानको माया, स्नेह सबैमा त्यस्तै प्रकारले उर्लिन्थ्यो । उहाँको निमित्त शत्रु कोही पनि थिएन ।

उनको कुनै पनि क्रियाले कसैको हानि नहोस्, यस्तो ध्यान संधैं रहिरहन्थ्यो । त्यसैले नै वाणीमा यस्तो स्नेह, नम्रताले भरिएको हुन्थ्यो ।

वार्त्तालापको समय वाणीमा मधुर रस भरेर बोल्ने सुगत कहिले काहीं आवश्यक भएमा कठोर वाणी पनि बोल्नु हुन्थ्यो ।

त्यस समय भगवानको प्रसिद्धि देश विदेश सम्म फैलिएको थियो । अनेक मत मतांतरका मानिसहरू उहाँले उपदेशित चित्त- विशुद्धिको मार्गमा चल्न थालेका थिए । सम्प्रदायवादिहरूका लागि यो असह्य थियो । अत: भगवानको प्रसिद्धिलाई, प्रतिष्ठालाई तल झार्नु अति आवश्यक थियो । एक पटक देवदत्तलाई भगवानले कठोर शब्दको प्रयोग गर्नु भएको थियो । यसै घटनालाई लिएर उहाँको प्रतिष्ठा हनन् गर्ने उपाय सोचे । अभय कुमारका पूर्व आचार्यहरूले यसैको लाभ उठाउन चाहे ।

अभय राजकुमारलाई सम्झाई बुझाई यो अवसरको फाईदा उठाउने निधो गरे । यसबाट तिम्रो प्रसिद्धि फैलिने छ भनी लोभ देखाए । श्रमण गौतम जस्तो गहण प्रतिष्ठा भएका ब्यक्तिलाई विवाद द्वारा सजिलै पराष्ट गर्न सक्ने सम्भावना देखाए । तिमी उसकहाँ गएर प्रश्न सोध कि, “के तपाईं अरुको मन पीडित हुने कठोर शब्दको प्रयोग गर्नु हुन्छ ?” यदि श्रमणले “ हो, म कहिले काहीं यस्तो शब्दको प्रयोग गर्छु।” भन्ने उत्तर दियो भने तिमी उसलाई यस्तो भन्न सक्छौ कि “तिमी र कोही अज्ञानी ब्यक्तिमा के फरक भयो ? अज्ञानी ब्यक्ति पनि यस्तो अनुचित्त शब्दको प्रयोग गर्छ र मानिसहरूलाई दु:खी बनाउँछ ।” यस उत्तरबाट नै उसको प्रतिष्ठा धूलोमा मिल्ने छ । यदि श्रमण गौतमले बडो चलाकि पूर्वक “म कहिले पनि यस्तो कठोर वाणी बोल्दिन जसबाट कि अन्य प्राणीको मन पीडित हुन्छ” भन्ने उत्तर दियो भने देवदत्त संग यस्तो कठोर शब्द बोलेको र उनको मन पीडित भएको तथ्य अगाडि राख्न सकिन्छ। यस प्रकार गौतम झूठो सावित हुन्छ र उसको मान प्रतिष्ठामा हानी हुन्छ अनि तिम्रो जीत हुन्छ। यसरी पहिलो उत्तर दिए पनि दोस्रो उत्तर दिए पनि तिम्रो जीत निश्चित छ। यो प्रश्न नै त्यस्तो छ जस्को उत्तर हो या होइनमा दिनु पर्ने छ । यस प्रश्नले उसको बेहाल हुनेछ, जस्तो घाँटीमा कुनै फलामको काँडा अट्केको छ निल्न पनि नहुने ओकल्न पनि नहुने । ‘हो’ भने पनि मर्ने, ‘होइन’ भने पनि मर्ने ।

आफ्नो गुरुको डबावको कारण अभय भगवान समक्ष गएर भोलि पल्टको लागि निमन्त्रणा दिए र गुरुको सल्लाह अनुसार प्रश्न गर्न थाले ।

“भन्ते भगवान, के तपाईं कसैलाई मन दु:ख्ने कठोर बचन बोल्नु हुन्छ ?”

भगवानले मुस्कुराउँदै उत्तर दिनु भयो, “यस प्रश्नको ‘हो’ या ‘होइन’ भने एकाकी उत्तर छैन, अनेकांशिक उत्तर मात्र छ ।”

विचारा राजकुमार नर्भस भए । उसको गुरुले त भनेका थिए कि यस प्रश्नको हो या होइन बाहेक अर्को उत्तर हुन सक्दैन र जुनसुकै उत्तर दिए पनि गौतमको मान हानी हुनेछ । अब तेस्रो उत्तर आएको छ, भगवानले अनेकांशिक उत्तर दिनु पुर्व नै अभयले आफ्नो हार स्वीकार गरे आफ्नो गुरुको योजनाको उद्‌घाटन गरीदिए । त्यसपछि भगवानको अनेकांशिक उत्तर सुन्न थाले ।

भगवानले उत्तर दिनु भन्दा पहिला एउटा प्रतिप्रश्न सोध्नु भयो-

संयोगले त्यस समय अभयको काखमा एउटा शिशु थियो, उसलाई संकेत गर्नु हुँदै भगवानले सोध्नु भयो-

“राजकुमार, यदि तिम्रो या धाईको असावधानीको कारण यस



Downloaded from http://www.dhamma.digital

बच्चाको घाँटीमा कुनै सानो ढुङ्गाको टुक्रा या काठको टुक्रा अड्किएको छ, भने त्यसलाई बाहिर निकाल्न तिमी के गर्छौ ?

"भन्ते भगवान, यस्तो टुक्रा अड्किएर बच्चाको ज्यानसम्म पनि जान सक्छ । त्यसैले म त्यस टुक्रालाई भरसक निकाल्ने प्रयत्न गर्छु । आवश्यक भएमा बाँया हातले उसको टाउको समातेर दायाँ हातले औंला मुखमा पठाई त्यस टुक्रालाई निकाल्छु । यसो गर्दा चाहे उस्को मुखबाट रगत आवोस् या दुखोस् ।

"तिमी यस्तो किन गर्छौ ?"

"किनकि म बच्चालाई धेरै माया गर्छु । उस प्रति दया छ, स्नेह छ ।"

"राजकुमार ! यस्तै तथागतलाई पनि प्राणीहरू माथि असीम अनुकम्पा छ, त्यसैले कहिले काँही यस्तो वाणी पनि बोल्नु पर्ने हुन्छ, जुन कठोर भए पनि उनको हितकारी हुन्छ ।"

"जुन असत्य छ, अहितकारी छ, सुन्ने व्यक्तिको लागि अप्रिय छ, अनचाही छ, यस्तो वाणी तथागत बोल्नु हुन्न ।"

"जुन सत्य छ, परन्तु अहितकर छ तर सुन्नेको लागि अप्रिय, मननपर्ने छ, त्यस्तो वाणी तथागत बोल्नु हुन्न ।"

"जुन असत्य छ, अहितकर छ तर सुन्नेहरूका लागि प्रिय छ मनपर्ने छ भने पनि तथागत यस्तो वाणी बोल्नुहुन्न ।"

"जुन सत्य छ परन्तु अहितकर छ तर सुन्नेहरूका लागि प्रिय छ, मननपर्ने छ भने पनि तथागत यस्तो वाणी बोल्नु हुन्न ।"

"जुन सत्य छ, हितकर छ सुन्नेहरूका लागि प्रिय छ, मनपर्ने छ भने तथागत यस्तो वाणी समय अनुसार अवश्य बोल्नु हुन्छ ।"

"जुन सत्य छ, हितकर छ, तर सुन्नेहरूका लागि अप्रिय छ, मन नपर्ने छ भने पनि तथागत अवश्य यस्तो वाणी बोल्नु हुन्छ ।"

सम्यक वाणीको यस्तो कल्याणकारी विश्लेषण सुनेर अभय राजकुमार अवाक रहीरहे ।

सुगतको वाणी यस्तै कल्याणी हुन्थ्यो । सुगतको सारा वाचिक कर्म यस्तै शुद्ध र शोभन हुन्थ्यो ।

(साभार : त्रिपिटक में सम्यक सम्बुद्ध - १)

## धर्म गाथा

### हिन्दी

सब के मन जागे धरम, सुखी होय परिवार ।
बैर मिटे मैत्री जगे, सुख छाय संसार ॥

घर में परिवार में, बहे धर्म की धार ।
रुखे सूखे गृह-चमन, हो जावें गुलजार ॥

शुद्ध धर्म जग में जगे, होय विषमता दूर ।
छाये समता सुखमयी, योग-क्षेम भरपूर ॥

शुद्ध धर्म जग मे जगे, प्रज्ञा शील समाधि ।
शुद्ध धर्म जिसमें जगे, उसकी मिटे उपाधि ॥

हर हर गंगा धरम की, सतत प्रवाहित होय ।
सिर से पग तक चेतना, जागे तो शिव होय ॥

शुद्ध धर्म ऐसा जगे, होवे चित्त विशुद्ध ।
बौद्ध बने या न बने, मानव बने प्रबुद्ध ॥

### हिन्दी

जग में बहती ही रहे, शुद्ध धर्म की धार ।
दुखियारे प्राणी सभी, होय दुखों के पार ॥

बहे सकल भू-लोक में, धरम गंग की धार ।
जन जनका होवे भला, जन जन का उपकार ॥

धर्म भूमि से फिर बहे, शुद्ध धर्म की धार ।
एक बार होवे पुनः, सकल जगत उद्धार ॥

व्याकुल मानव मानवी, चखें धरम का स्वाद ।
रोग शोक सारे मिटें, विपदा मिटे विषाद ॥

बजे नगाडे धर्म के, गूंज उठे सब देश ।
दुखियारों के दुख मिटे, कटें कर्म के क्लेश ॥

मंगलकारी धर्म का, ऐसा प्रबल प्रभाव ।
सूखे सरिता दुःख की, सुख का बहे बहाव ॥

**मंगल कामना सहित**
**भाजुरत्न फर्मा**
**विरगञ्ज ।**

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *पौष २०५९*
*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१, email : nvc@htp.com.np
*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४३४ ८५०, ४३४ ७५३; शाखा कार्यालय फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

● आजीवन शुल्क रू. २००/-

साधकको नाम : ……………………………………

ठेगाना : ……………………………………

……………………………………

……………………………………



Downloaded from http://www.dhamma.digital